छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आ.व.०८१।८२

०८।०५
रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

वैठक नं ९

समय: विउसो १:०० बजे

मिति:२०८१/०९/०५

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | कमला | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २ | शोभा श्रेष्ठ | रोजगार संयोजक | |
| ३ | | | |
| ४ | सागर रतनाल | सामेली | |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१/०९/०५ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरुः

प्रस्तावनाहरुः

| क्र.स | कार्यसुचीको विषय (प्रस्तावनाहरु) | कैफियत |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वियन समिक्षा सम्बन्धमा | मिति २०८१/०८/१७ गतेको |
| २. | जिप लाइन संचालन सम्बन्धमा | |
| ३. | गाउँ सभा संचालन सम्बन्धमा | |
| ४. | राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा | |
| ५. | आयोजना कार्यान्वयन सम्बन्धमा | |
| ६. | टोल विकास संस्था गठन गरी दर्ता गर्ने सम्बन्धमा | |
| ७. | आयोजनाको थप लागतको लागि स्रोत सुनिश्चितता सम्बन्धमा | |

निर्णयहरुः

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०८/१४ गते बसेको बैठकको निर्णय कार्यान्वयन समिक्षा गरियो

२. छत्रकोट गाउँपालिकाद्वारा छत्रकोट गाउँपालिका वडा नं. ३ मा रहेको ऐतिहासिक छत्रकोट देवालय मन्दिर (चोयगा) र देवी भगवती मन्दिर (भालुपानी) जोड्ने गरी निर्माण गरिएको छत्रकोट जिपलाइनको निर्माण सम्पन्न भएको । उक्त जिपलाइन उद्घाटन २०८१/०९/१२ गते शुक्रवारको दिन बिहान ९ बजे गर्ने निर्णय गरियो । उद्घाटन समारोहलाई भव्य बनाउनको लागि जिल्ला भित्रका सम्पूर्ण स्थानीय तह, पाल्पा जिल्लाको तानसेन नगरपालिका, रैनादेवी छहरा र रिब्दिकोट गाउँपालिका र अर्घाखाँची जिल्लाको पाणिनी र छत्रदेव गाउँपालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, स्थानीय राजनीतिक दलका प्रमुख, स्थानीय क्षेत्रमा कार्यरत संघ संस्था, टोल विकास समिति, पत्रकारहरुलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

साथै उक्त कार्यक्रम सफल पार्न र छत्रकोट गाउँपालिका भित्रका ऐतिहाँसिक धार्मिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्नको लागि सम्पूर्ण आमन्त्रित स्थानीय तहका प्रमुख/अध्यक्ष उपप्रमुख/उपाध्यक्षहरुलाई पौष ११ गते निमन्त्रणा गरी "छत्रकोट घुमौं अभियान" अन्तर्गत छत्रकोट घुम्नको लागि निमन्त्रणा गर्ने र आमन्त्रित पाहुनाहरुलाई आवाशीय सुविधा प्रदान गर्ने निर्णय गरियो ।

CS CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोरंगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

छत्रकोट जिपलाईन उद्घाटन भएको दिन देखी संचालनको लागि अन्य व्यवस्था नभए सम्मको लागि गाउँपालिका आफैले संचालन गर्ने र संचालनको लागि तालिम प्राप्त गरेका नगर प्रहरी र अन्य ३ जना दक्ष जनशक्तिलाई दैनिक ज्यालादारीमा करार गरी उनीहरु मार्फत संचालन गर्ने र जिपलाइन चढ्ने सहासिक पर्यटकको १० लाख वराबरको जीवन विमा गर्ने निर्णय गरियो ।

३. छत्रकोट गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन मिति २०८१ पौष १६ गते छत्रकोट गाउँपालिकाको सभाहलमा दिउसो १:०० बजे वस्ने निर्णय गरियो ।

४. छत्रकोट गाउँपालिकाको ७ औं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता मिति २०८० पौष २६ देखी २८ सम्म छत्रकोट गाउँपालिका वडा नं. ३ बुढाचौर खेल मैदानमा विभिन्न कार्यक्रम संचालन गरि सम्पन्न गर्ने निर्णय गरियो ।

उक्त कार्यक्रममा भाग लिन आउने विद्यालयहरुलाई विद्यार्थी सहभागिता, आवतजावत र खाजा खर्च स्वरूप एकमुष्ट देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्रस | विद्यालयको नाम | (पाउने रकम रु हजारमा) |
|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय मा.वि छत्रकोट-६ | ३० |
| २ | श्री जन मा.वि. छत्रकोट-५ | २५ |
| ३ | श्री जनजागृति मा.वि. छत्रकोट-१ | ~~२०~~ १५ |
| ४ | श्री आत्मवोध मा.वि. छत्रकोट-५ | २० |
| ५ | श्री मैनडाँडा मा.वि. छत्रकोट-३ | १० |
| ६ | श्री आदर्श मा.वि. छत्रकोट-४ | २० |
| ७ | श्री श्रद्धा जनता मा.वि. छत्रकोट-४ | १० |
| ८ | श्री जनज्योति मा.वि. छत्रकोट-२ | १५ |
| ९ | श्री आदर्श आ.वि. छत्रकोट-६ | १० |
| १० | श्री झेर्दी आ.वि. छत्रकोट-१ | १० |
| ११ | श्री सरस्वती वोहा आ.वि. छत्रकोट-४ | १० |
| १२ | श्री सरस्वती मा.वि. छत्रकोट-३ | ५ |
| १३ | श्री चण्डी देवी आ.वि. छत्रकोट-३ | ५ |
| जम्मा | | १८५ |

५. छत्रकोट गाउँपालिका भित्र संचालित सम्पूर्ण आयोजनाहरुको कार्यन्वयन अवस्थाको बारेमा समिक्षा गरियो । प्रदेश र संघीय सरकारवाट संचालित आयोजनाहरुको कार्यन्वयन अवस्थाको

CamScanner

बारेमा छलफल गरियो । गाउँपालिका भित्र संचालित आयोजनाहरुको कार्यान्वयन अवस्थाको बारेमा वडागत रुपमा वडा अध्यक्षहरु मार्फत आगामी कार्यपालिकामा ब्रिफिङ गराउने निर्णय गरियो ।

६. छत्रकोट गाउँपालिका भित्र गठन भएका तर गाउँपालिकामा दर्ता नभएका टोल विकास समितिहरुलाई दर्ता हुनको लागि सम्वन्धित वडाले समन्वय र सहजीकरण गर्ने र दर्ता भईसकेका टोल विकास समितिहरुलाई कार्यालय स्थापना र कार्यालय संचालनार्थ प्रति समिति रु १५ हजार समितिको खातामा उपलब्ध गराउने र उक्त रकमको लेखा राख्ने र लेखा परिक्षण गराउने जिम्मेवारी स्वयम समितिलाई नै प्रदान गर्ने निर्णय गरियो ।

७. संघिय सशर्त अनुदान अन्तर्गत "गुल्मी जिल्ला छत्रकोट ४ कुडरचौर स्थित कोशल पोखरेल स्मृति खेल मैदान निर्माण" आयोजनाको लागि रु ५० लाख विनियोजन भएकोमा रु १५,३१,०५८/७० बजेटको गाउँपालिकाले थप स्रोत सुनिश्चित गरी कुल ६५,३१,०५८/७० रुपैयाको बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।